# प्रेस विज्ञप्ती

मिति : २०७५।०९।०१

कर्मचारी समायोजन अध्यादेश, २०७५ नेपाल राजपत्रमा प्रकाशित भै कार्यान्वयनमा आईसकेको छ । संघीयता कार्यान्वयनको महत्वपूर्ण आधार मानिएको कर्मचारी समायोजनको कार्य सोही अध्यादेश बमोजिम शुरु भै सकेको छ । कर्मचारी समायोजनको यो प्रकृयामा सम्पूर्ण कर्मचारीहरु, कर्मचारी सम्वद्ध संघ संस्थाहरु तथा अन्य सरोकारवालाहरुको आवश्यक र रचनात्मक सहयोग प्राप्त हुने कुरामा यस मन्त्रालय विश्वस्त छ ।

कर्मचारी समायोजन अध्यादेश, २०७५ ले कर्मचारी समायोजनको विषयलाई पारदर्शि तथा बस्तुपरक बनाउने उद्देश्य लिएको छ । समायोजनको परिधिभित्र रहेका सवै कर्मचारीहरुलाई समेट्ने समेत यो अध्यादेशको उद्देश्य रहेको स्पष्ट नै छ । कर्मचारी समायोजन सम्बन्धी कार्यको अनुगमन गर्ने, अन्तर निकाय समन्वय गर्ने र आवश्यकता अनुसार निर्देशन दिने प्रयोजनका लागि माननीय संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रीको संयोजकत्वमा निर्देशन तथा समन्वय समिति र समग्र प्रकृयामा सहजिकरणको लागि नेपाल सरकारका मुख्य सचिवको संयोजकत्वमा अर्को समिति कृयाशिल रहेको विषय पनि सवैलाई विदितै छ ।

उल्लेखित अध्यादेशले कर्मचारी समायोजनको विषयलाई त्रुटि रहित वनाउने परिकल्पना गरेको भएता पनि विविध परिवेश, परिस्थिति तथा कारणहरुले केही कर्मचारीलाई अध्यादेशले गरेका व्यवस्थामा कुनै अस्पष्टता र गुनासो भएमा त्यस्ता गुनासाहरु समेत सुन्ने र यथासंभव समायोजन प्रकृयालाई गुनासो रहित वनाई सम्पूर्ण कर्मचारीहरु यसमा समाहित गराउने उद्देश्यले अध्यादेशको दफा १७ बमोजिम माननीय संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रीको संयोजकत्वमा गठित निर्देशन तथा समन्वय समितिको मिति २०७५।९।१ को निर्णय अनुसार यस मन्त्रालयका सहसचिव श्री रुपनारायण भट्टराईको संयोजकत्वमा प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय र अर्थ मन्त्रालयका उपसचिवहरु सदस्य रहेको र संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका आन्तरिक व्यवस्था शाखाका उपसचिव सदस्य सचिव रहेको कर्मचारी समायोजन गुनासो व्यवस्थापन समिति गठन गरिएको र उक्त समितिले आजैका मितिदेखि कार्य प्रारम्भ भएको व्यहोरा सम्बद्ध सबेलाई जानकारी गराइन्छ ।

कर्मचारीहरुका ब्यक्तिगत तथा सामूहिक गुनासोहरु सुन्ने, छलफल गर्ने तथा सही र बास्तविक गुनासो तथा समस्याहरुलाई अध्यादेशमा उल्लिखित समितिहरु समक्ष सुझावको रुपमा सिफारिस गर्ने जिम्मेवारी र दायित्व यस समितिलाई प्रदान गरिएको छ । अतः प्रस्तुत समायोजन प्रकृयामा कसैको ब्यक्तिगत तथा सामूहिक गुनासो भए टेलिफोन, फयाक्स, ईमेल, SMS आदि जुनसुकै माध्यमद्धारा उक्त समिति मार्फत आफ्ना गुनासो राख्नु हुन सम्बन्धित सबैलाई जानकारी गराइएको छ । यस समितिको सचिवालय संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सघिय मामिला महाशाखामा राखि गुनासो व्यवस्थान सम्बन्धी कार्य भईरहेको र उक्त समितिका पदाधिकारीहरु मध्ये देहायका पदाधिकारी समक्ष लिखित वा उल्लेखित माध्यमबाट गुनासो राख्न सकिने व्यहोरा अनुरोध छ ।

तपशिल

| नाम,थर | टेलिफोन नं. | इमेल |
|---|---|---|
| १. सहसचिव श्री रुप नारायण भट्टराई | ९८५१०९५४९० | rupnarayan12345@gmail.com |
| २.उपसचिव श्री ईश्वर कुमार गिरी | ९८४००६०३२१ | Ishwor.giri@nepal.gov.np |

०७५/०९/०१